अनुसूची-१६

(दफा ३३ को उप-दफा (१) सँग सम्बन्धित)

# श्री न्याउली सामुदायिक वन उपभोक्ता समूह

## तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०३।१७**

श्री न्याउली सामुदायिक वन उपभोक्ता समूह तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ न्याउली खोला, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | गोलिया काठ संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य रु. | |
| १ | खयर | गोलिया | | १७०९ | १०८०.०५ | १००० | १०८००५० | ४२८५६९ |
| | जम्मा | | | १७०९ | १०८०.०५ | | १०८००५० | |
| २ | जामुन | गोलिया | बी | १२ | २०.२० | ३०० | ६०६० | |
| | टुनी | | ए | २ | १९.२० | ३०० | ५७६० | |
| | | | बी | १३६ | ४०६.६४ | २०० | ८१३२८ | |
| | सिरिस | | ए | ५ | ४६.९० | ३०० | १४०७० | |
| | | | बी | ८९ | २६०.०० | २०० | ५२००० | |
| | सिमल | | | ३८ | ३२९.०० | १५० | ४९३५० | |
| | तिजु | | | ८ | २४.२० | १०० | २४२० | |
| | बर्रो | | | ५ | ११.६० | २०० | २३२० | |
| | जम्मा | | | २९५ | १११७.७४ | | २१३३०८ | |
| लट नं. १ र २ को जम्मा | | | | २००४ | २१९७.७९ | | १२९३३५८ | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०४।०५ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०४।०६ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००००४७३४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

# श्री न्याउली सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस न्याउली सामुदायिक वन उपभोक्ता समूहको तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ न्याउली खोला, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०४।०६ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**साताभेट**

# व्यवसायीको सहजताका लागि काम गर्छौं- श्रेष्ठ

घोराही चेम्बर अफ कमर्श नयाँ नेतृत्व चयन भर्खरै सम्पन्न भएको छ । व्यावसायिक हितका लागि काम गर्ने उक्त समितिले कार्यकालभर गर्ने कामको योजना के बनाएको छ त ? समितिको काम र लक्ष्यका विषयमा युगबोधकर्मी **गोविन्द खड्का**ले नवनिर्वाचित अध्यक्ष **विपिन श्रेष्ठ**सँग गर्नुभएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । *- सम्पादक*



**विपिन श्रेष्ठ**
अध्यक्ष- घोराही चेम्बर अफ कमर्श

**नयाँ नेतृत्व सम्हाल्नुभएको छ, कार्ययोजना के छन् त ?**

दुई कार्यकाल उपाध्यक्ष भएर काम गरें । त्यो अनुभव संगालेको छु । अहिले समयले मलाई अध्यक्षको जिम्मेवारी दियो । कसरी जाउँ, के गरुँ भन्ने अफ्ठेरो अफ्ठेरो लागेको थियो । अहिले केही मान्छेको आशा भरोशा पाएको छु । काम गरेर देखाउनुपर्छ भन्ने सक्षम इमान्दार र क्षमताबाट राम्रो टिम बनेको छ । व्यावसायिक हक हितका कुरामा केन्द्रित हुन्छौं ।

**व्यवसायीका समस्या के देख्नुभएको छ ?**

व्यवसायीका समस्याहरु बैंकसँग सम्वन्धित पनि अत्यधिक छन् । घरधनीसँग घर भाडाका समस्या छन् । भाडा बढाउने देखि व्यवसायीले नसोचेको समयमा सटरबाट हटाउने लगायतका समस्या हुन्छन् । म्याद गुज्रेका सामान, व्यवसायी बीचमै पनि उधारोको समस्या, कर सम्बन्धी समस्याका कुरा पनि छन् । तिनलाई सम्बन्धित संस्था वा व्यक्तिसँग समन्वय गर्ने, व्यापारीहरुका बीचमा पनि पुलको काम गर्ने मेरो योजना छ ।

**घोराही बजार साँघुरियो भनिन्छ नि ?**

मैले किराना पसल शुरु गर्दाखेरी १४ वर्षको थिएँ । म सानो हुँदा हाम्रो घोराही बजार जक्सन थियो । प्युठान, रोल्पा, रुकुम, सल्यानको बजार यही थियो । सबै ठाउँमा यहींबाट सामान जान्थ्यो । बजारमा भिडभाड पनि थियो । त्यो बेला थोरै लगानीले धेरै व्यापार गर्न सकिन्थ्यो । त्यसपछि झिमरुक जलविद्युत आयोजना आयो । त्यो आयोजनाका लागि भालुबाङबाट ट्र्याक खुल्यो । त्यसपछि हाम्रो पहाडतिर रोल्पा र प्युठान सम्पर्क टुट्यो । त्यताका लागि घोराही आउनुभन्दा छिटो छरितो र सजिलो भालुबाङको बाटो भयो । तुलसीपुर राप्ती राजमार्ग मार्फत नेपालगञ्ज र सल्यान रुकुम जोडियो । राप्ती राजमार्गले सल्यान रुकुमको व्यापार पनि उतै गयो । त्यसपछि विस्तारै घोराही घट्दै गयो । अहिले घोराही लोकल बजार मात्रै भएको छ । स्थानीयले मात्रै कारोबार गर्ने बजार भएको छ ।

**यसलाई विस्तार गर्ने उपाय छ कि ?**

हो, यो लोकल बजार कसरी विस्तार गरौं भन्ने विषयमा सबैले राम्रोसित सोच्नुपर्ने छ । हाम्रो सन्दर्भमा यहाँ पर्यटन विकास गरेपछि बाह्य र आन्तरिक पर्यटन बढ्छ भन्ने लागेको छ । पर्यटक भित्र्याउने धेरै कुरा छन् । हाम्रो लागि धारापानी पर्यटक तान्ने एउटा आधार छ । विश्वको सबैभन्दा ठूलो त्रिशुल छ । धारापानी समितिले धामको रुपमा विकास गरिसकेको छ । त्यसका आधारमा पर्यटक भित्र्याउने सोच्नुपर्छ । अनि दाङ छिरेर स्वर्गद्वारी जान सकिन्छ भन्ने बनाउनुपर्छ । घोराही मसिना स्वर्गद्वारी सडक स्तरोन्नति गरी राम्रो बनाउनुपर्छ । त्यो बाटो राम्रो बन्यो भने पर्यटक आउँछन् भन्ने मेरो विश्वास छ । दोस्रो होलेरी पनि यस क्षेत्रको ऐतिहासकि ठाउँ हो । जनयुद्धले पनि चर्चाको ठाउँ हो । कुनै समय थियो होलेरी रमाउन जानेहरुको लर्को लाग्थ्यो । म होलेरीको बाटो पिच भएपछि त्यहाँ पुगेको थिएँ । यहाँ तराईमा गर्मी थियो । चैत वैशाखको टन्टलापुर घाममा गएका थियौं । पिच बाटो देखियो गाडी जान्छ कि जान्न भन्दै गयौं । हामी ४५ मिनेटमा होलेरी पुगेका थियौं । अग्ला पहाड देखिने चिसो, कति आनन्द लाग्यो । त्यसैबेला आन्तरिक पर्यटन हुन्छ भन्ने लाग्यो । त्यहाँ टिप्पर हिडे अनि बाटो बिग्रियो र आन्तरिक पर्यटन डिसकनेक्ट भयो । केही समय बंगलाचुली जाने मान्छेको पनि घुइँचो भयो । बाटोको स्तर घटेको कारण त्यो पनि खस्कियो । पछिल्लो समयमा घोरदौरा जाने रहर गर्छन् त्यो ठाउँ सजिलै पुग्न पनि बाटो छैन । यी-यी एरियामा विकास हुन जरुरी छ । केवलकारमा स्वर्गद्वारी जान एआई गरेको छ भन्ने सुनिन्छ, त्यो भयो भने अति राम्रो हुन्थ्यो । यसरी बाह्रकुने दह, चौघेरा मन्दिर, पाण्डवेश्वरी मन्दिरलगायत धार्मिक पर्यटकीय क्षेत्रको विकास र प्रचार गर्न जरुरी छ । जसले घोराहीमा आन्तरिक र वाह्य पर्यटक तान्न सक्छन् । पर्यटक ल्याउन सकियो भने यहाँको बजार पनि अवश्य विस्तार हुन्छ । पर्यटन विकास भयो भने मात्रै घोराहीको विकास हुन्छ । बजार चल्छ ।

**पर्यटन विकासका लागि के गर्नुपर्ला ?**

अहिलेको मानिस लक्जरी भइसकेको छ । पर्याप्त मात्रामा लक्जरी होटलहरु हुनुपर्छ । लोकसेवा र शिक्षक सेवा आयोग हुँदा समेत होटलमा अटाइसकेका हुँदैनन् । अटाई नअटाई बस्नुपरेको हुन्छ । कतिपय होटलले भुईंमै सुताएको भन्ने पनि सुनिन्छ । त्यसैले यहाँका होटलको क्षमता बृद्धि गर्न जरुरी छ । पर्यटकमैत्री बन्दै जानुपर्छ ।

**व्यवसायीले चेम्बरलाई किन सम्झिने ?**

व्यवसायीहरु करको विषयमा सबै कुरामा जानकार हुँदैनन् । नेपालको ऐन नियम कानुन 'दोभाषे' आवश्यक पर्ने खालको जस्तो हुन्छ । सबै व्यापारीले सजिलै बुझ्न सक्दैनन् । तिनीहरुलाई विचौलियाले बार्गेनिङ गरेर दुःख दिन्छन् । राज्यलाई कर तिर्नुपर्छ भन्ने व्यवसायीको मनस्थिति हुन्छ । तर, तिर्ने प्रक्रिया झन्झटिलो हुन्छ । यसको सहजताका लागि चेम्बरलाई सम्झिनुहोला । विषयविज्ञ ल्याएर राजश्व सम्वन्धी प्रशिक्षण दिन्छौं । सिप विकासको तालिम दिएर स्वरोजगार बढाउने पनि सोचेका छौं । व्यवसाय सञ्चालन, विकास र राज्यका नीति नियम थाहा पाउन चेम्बरमा आउनुहोला ।

# अस्पतालका क्यान्टिनहरुको अनुगमन

**युगबोध समाचारदाता**



घोराही, १६ असार । हातका नङ नकाटेका एक व्यक्तिले आलु छिल्दै गरेका थिए भने अर्को एकजनाको हातमा नङ पालिस थियो । घोराही उपमहानगरपालिकाको बजार अनुगमन टोलीका संयोजक मोहन सिंह सुनार नेतृत्वको अनुगमन टोलीले त्यो दृश्य देखेपछि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको हाताभित्रको क्यान्टिन हिमाली खाजाघरमा कर्मचारीको व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्ने लिखित निर्देशन दियो ।

र्‍याकको सबैभन्दा तल दाल, डोनट र त्यसको नजिकै खुला भाँडामा फोहोर राखेको पाइयो भने स्टोरमा दालचामल प्रत्यक्ष भुईंको सम्पर्कमा नआउने गरी नराख्न, मसी लागेको वा छपाई भएको कागजमा बेरेर कुनै पनि खानेकुरा बिक्री वितरण नगर्न हिमाली खाजाघरका सञ्चालक जीतबहादुर भण्डारीलाई सुझाव दिइयो । त्यस्तै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका शौचालयमा साबुनसहितको ह्याण्डवासको व्यवस्था गर्नुपर्ने, शौचालय सरसफाइको अवस्था कमजोर रहेकाले नियमित सरसफाइ गरी थप व्यवस्थापन गर्न टोलीले लिखित निर्देशन दिएको छ ।

टोलीले अनुगमनका क्रममा गोरखा टि एण्ड फास्ट फुड स्टेशनबाट दङाली फूड प्रोडक्टस्ले उत्पादन गरेको म्याद नाघेको दुई पाकेट चाउचाउ बरामद गरेको थियो भने टोलीले गल्ने र नगल्ने फोहोरलाई डस्टविनमा राख्न, पकाएको खाद्य पदार्थ फ्रिजमा उचित भण्डारण गर्न, भान्साको भुईंमा टायल मार्वल सहित व्यवस्थापन गर्न र म्याद गुज्रेका कुनै पनि वस्तु बिक्री वितरण नगर्न गोरखा हस्पिटलको हाताभित्र रहेको क्यान्टिन सञ्चालक हिमराज भण्डारीलाई लिखित निर्देशन दिएको थियो ।

यसैगरी बुद्ध इन्टरनेशनल हस्पिटलमा आफ्नै क्यान्टिन सञ्चालन गर्न सुझाव दिएको छ । अस्पताल क्षेत्रको पार्किङलाई व्यवस्थित गर्न, शौचालय सरसफाइ थप व्यवस्थापन गर्न हस्पिटलका कार्यकारी निर्देशक सुरेशकुमार आचार्यलाई सुझाव दिइएको छ । यसैगरी घोराही स्वीट हाउसबाट तौलको मेसिन नापतौल विभागबाट प्रमाणीकण नगरेको र विभिन्न समयमा दिएको सुझाव कार्यान्वयन नगरेको भन्दै जफत गरेको छ । रङ मिसाएको जेरी पकाएको, गल्ने नगल्ने फोहोर नछुट्याएको, डस्टवीनको उचित व्यवस्थापन नगरेको, भान्साको सरसफाइ अत्यन्तै कमजोर रहेकोले कानुनी कारवाहीको लागि प्रक्रिया अघि बढाउने संयोजक सुनारले जानकारी दिनुभयो । स्वीट हाउसलाई धेरै पटक सुझाव दिइएको र कुनै पनि सुझाव कार्यान्वयन नभएको उहाँको भनाइ थियो ।

मितेरी अस्पताल प्रालिलाई वेसिनको सरसफाइ तथा शौचालयको थप सफाइ गर्न सुझाव दिएको छ । यसैगरी दीपज्योति हस्पिटल प्रालिलाई ज्येष्ठ नागरिक तथा नागरिकमैत्री शौचालय बनाउन सुझाव दिएको छ । हस्पिटलका क्यान्टिन र शौचालयमा उचित सरसफाइ नदेखिएको अनुगमन टोलीले बतायो ।

## छिल्लीकोटमा....

स्मृतिमा निर्माण गरिएको धर्मशाला र शिवालय कालिका मालिका मन्दिर परिसरमा रहेको छ ।

निर्माण सम्पन्न भएसँगै उक्त संरचना नगर प्रमुख टीकाराम खड्का, वडा नं. १९ का वडाध्यक्ष प्रेमनाथ योगी तथा कालिका मालिका मन्दिर व्यवस्थापन समितिलाई संयुक्तरुपमा हस्तान्तरण गरिएको छ । हस्तान्तरण कार्यक्रममा नगर प्रमुख खड्काले छिल्लीकोट क्षेत्रको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व संरक्षणका लागि उपमहानगरपालिका निरन्तर क्रियाशील रहेको बताउँदै सरकारी तथा निजी क्षेत्रबाट निर्माण भएका सम्पदाको संरक्षण सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो । साथै, सो क्षेत्रको सुरक्षाका लागि अस्थायी प्रहरी पोस्ट स्थापना गरिएको र थप सुरक्षाका लागि सिसिटिभी जडान गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत केशवराज पार्धे, नगर प्रवक्ता माधव वली, कालिका मालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष परवीर पुन, वडा सदस्य रामबहादुर पौडेल, नेकपा एमाले १९ नं. वडा कमिटी अध्यक्ष लोकबहादुर रोकालगायतले बोल्नुभएको थियो । कार्यक्रममा धर्मशाला तथा शिवालय निर्माणमा विशेष योगदान पुर्‍याउने श्रमिक रामप्रसाद चौधरीलाई सम्मान गरिएको थियो । तुलसीपुर-१९ का वडाध्यक्ष प्रेमनाथ योगीको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण देवारण्यदेव छिल्लीकोट महाअभियानका सचिव गोकर्ण पौडेलले गर्नुभएको थियो ।

# सिद्ध कुमाखमा सार्वजनिक सुनुवाइ

❑ **बुद्धि पुन**

सल्यान, १६ असार । स्थानीय सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउने उद्देश्यका साथ सल्यानको सिद्धकुमाख गाउँपालिकामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।

गाउँपालिकाको आयोजनामा मंगलबार गाउँपालिकाको केन्द्र ढोरचौरमा आयोजित सार्वजनिक सुनुवाइमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी तथा स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता थियो । सुशासन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा गाउँपालिकाले हालसम्म गरेका विकास निर्माण, सेवा प्रवाह, बजेट कार्यान्वयन, सामाजिक विकास, पूर्वाधार निर्माण तथा आगामी योजनाबारे जानकारी गराइएको थियो । त्यसपछि सहभागी नागरिकहरूले गाउँपालिकाबाट प्राप्त सेवा-सुविधा, विकास निर्माण र स्थानीय आवश्यकतासम्बन्धी आफ्ना गुनासा, सुझाव तथा जिज्ञासा खुलेर राखेका थिए ।

सार्वजनिक सुनुवाइका क्रममा स्थानीयवासीले खानेपानी आयोजनाको दिगोपना सुनिश्चित गर्नुपर्ने, ग्रामीण सडकहरूको स्तरोन्नति तथा नियमित मर्मतमा जोड दिनुपर्ने, विद्युत् सेवा विस्तार र गुणस्तर सुधार गर्नुपर्ने, कृषि क्षेत्रलाई उत्पादनमुखी बनाउन आधुनिक प्रविधि, सिंचाई र अनुदान कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्नेलगायतका विषय उठाएका थिए । यस्तै, कतिपय विकास निर्माणका काम समयमै सम्पन्न हुन नसकेको, केही योजना अधुरै रहेको, आवश्यक स्थानमा पर्याप्त बजेट विनियोजन हुनुपर्ने, विकास निर्माणमा सबै वडालाई समान प्राथमिकता दिनुपर्ने तथा सेवा प्रवाहलाई अझ सहज, छिटो र प्रभावकारी बनाउनुपर्ने विषयमा पनि सहभागीहरूले ध्यानाकर्षण गराएका थिए । स्थानीय तहले नागरिकको अपेक्षाअनुसार कामको गति बढाउनुपर्ने र विकासका अवसर सबै क्षेत्रमा समानरूपमा पुग्नुपर्ने उनीहरूको भनाइ थियो ।

सहभागीहरूले उठाएका प्रश्न, जिज्ञासा तथा सुझावहरूको जवाफ दिँदै गाउँपालिका अध्यक्ष भरत गिरीले सार्वजनिक सुनुवाइले स्थानीय सरकारलाई नागरिकका अपेक्षा, आवश्यकता र गुनासाबारे प्रत्यक्षरूपमा बुझ्ने अवसर प्रदान गरेको बताउनुभयो । उहाँले उठाइएका सुझावहरूलाई गाउँपालिकाले गम्भीरतापूर्वक ग्रहण गर्दै योजनाबद्धरूपमा सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । विकास निर्माणका केही काम विभिन्न प्राविधिक, भौगोलिक तथा बजेटीय कारणले प्रभावित भए पनि ती कार्यलाई शीघ्र सम्पन्न गर्ने गरी आवश्यक पहल भइरहेको उहाँको भनाइ छ । यस्तै गाउँपालिका उपाध्यक्ष रामबहादुर बस्नेतले जनताका सुझाव र आलोचनालाई सकारात्मकरूपमा ग्रहण गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले स्थानीय सरकारको सफलता नागरिकको सहभागिता र सहकार्यमा निर्भर रहने उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता संवादमूलक कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत अर्जुनजंग शाहले सार्वजनिक सुनुवाइमा उठाइएका विषयहरूको तथ्यगत जवाफ प्रस्तुत गर्दै गाउँपालिकाले कानुनी व्यवस्था, उपलब्ध स्रोत-साधन र प्राथमिकताका आधारमा सेवा प्रवाह तथा विकास निर्माणका कार्य अगाडि बढाइरहेको बताउनुभयो ।

# विद्यार्थीहरूलाई क्लाउड कम्प्युटिङ कार्यशाला

घोराही, १६ असार (युस)- महेन्द्र बहुमुखी क्याम्पस, दाङको कम्प्युटर साइन्स एसोसिएसन (सिएसए) को आयोजना तथा पिकेआईके क्लव र ए डब्लु एस ब्यूल्डर ग्रुप त्रिभुवन विश्व विद्यालयको सहकार्यमा तीन दिने 'इन्ट्रोडक्सन टु क्लाउड सर्भिस विद ए डब्लु एस' विषयक अनलाइन कार्यशाला सम्पन्न भएको छ ।

विद्यार्थीहरूलाई क्लाउड कम्प्युटिङ तथा ए डब्लु एस सम्बन्धी आधारभूत र व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यशाला गुगल मिट मार्फत सञ्चालन गरिएको थियो । कार्यक्रममा ८ कलेज तथा शैक्षिक संस्थाका ६० भन्दा बढी विद्यार्थीहरूको सहभागिता थियो । कार्यशालामा क्लाउड कम्प्युटिङका आधारभूत अवधारणा, ए डब्लु एस सेवाहरू, क्लाउड आर्किटेक्चर, डिप्लोयमेन्ट, तथा व्यावहारिक अभ्यासका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । कार्यशालामा सहभागी विद्यार्थीहरूले आधुनिक क्लाउड प्रविधि तथा यसको प्रयोगबारे महत्वपूर्ण ज्ञान हासिल गरेका थिए ।

कार्यक्रममा कम्प्युटर साइन्स एसोसिएसन (सिएसए) का पूर्व अध्यक्ष सागर रामारुद्री तथा जगदीश वली विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । उहाँहरूले सूचना प्रविधि क्षेत्रमा क्लाउड कम्प्युटिङको महत्व, विद्यार्थीहरूका लागि यस्ता सीपमूलक कार्यक्रमहरूको आवश्यकता तथा भविष्यका अवसरहरूबारे आफ्ना धारणा राख्नुभएको थियो । कार्यक्रममा प्रशिक्षक तथा विज्ञहरूले क्लाउड प्रविधिको वर्तमान अवस्था, यसको बढ्दो प्रयोग तथा भविष्यका सम्भावनाबारे जानकारी गराएका थिए । सहभागीहरूले ए डब्लु एस प्लेटफर्मको प्रयोग तथा क्लाउड सेवाहरूको कार्यप्रणालीबारे व्यावहारिक अनुभव समेत प्राप्त गरेका थिए ।

कम्प्युटर साइन्स एसोसिएसन (सिएसए) का अध्यक्ष निर्देश तिवारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमले विद्यार्थीहरूलाई आधुनिक प्रविधिसँग परिचित गराउनुका साथै उनीहरूको प्राविधिक क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको विश्वास आयोजकले व्यक्त गरेका छन् । सहभागी विद्यार्थीहरूले कार्यशाला अत्यन्त उपयोगी, ज्ञानवर्द्धक तथा समयसान्दर्भिक रहेको प्रतिक्रिया दिएका छन् । आयोजक संस्थाले आगामी दिनमा पनि यस्ता प्रविधिमूलक तथा सीपमूलक कार्यक्रमहरूलाई निरन्तरता दिने जनाएको छ ।

# कुसंस्कारले मानवअधिकार संरक्षणमा समस्या : अध्यक्ष

काठमाडौं, १६ असार (युस)- राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले समाजमा विद्यमान कुसंस्कारले मानवअधिकारको संरक्षणमा समस्या भएको बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले मंगलबार आयोजना गरेको 'मानवअधिकार शोध-सम्वाहक' पूर्वीय चिन्तन र मानवअधिकार विशेषाङ्कको समीक्षा गर्दै अध्यक्ष मगरले यद्यपि समाजमा कुसंस्कार कायम रहेकाले मानवअधिकार संरक्षणमा कठिनाइ भएको बताउनुभएको हो । 'अझै पनि समाजमा कुसंस्कार छ, जनप्रतिनिधिले नै घरभित्र बसेर खान नपाएको अवस्थाका घटनाहरु आइरहेका छन्'- आयोगका अध्यक्ष मगरले भन्नुभयो- 'यस्ता कुसंस्कारलाई समाजबाट हटाउनुपर्छ'- उहाँले जातीय विभेद धेरै हटेर गइरहेको सुनाउँदै भन्नुभयो- 'अहिले धोती फेरेर खाना खाने, सुनपानी छर्किने कुरा पनि छाडिसक्यौं, समाज परिवर्तन हुँदै गएको छ ।'

राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारि खरेलले मानव अधिकारको क्षेत्रमा काम गर्न खोज्ने, अनुसन्धानकर्ता, भावी दिनमा पनि कानुनको क्षेत्रमा काम गर्ने व्यक्तिका लागि पुस्तकले सहयोग गर्ने बताउनुभयो । पूर्वीय चिन्तन र मानवअधिकार विशेषाङ्कमा ११ वटा लेख रहेका छन् ।


नेपाल सरकार

## मालपोत कार्यालय तुलसीपुर दाङको सार्वजनिक सूचना !

जिल्ला दाङ साविक टरिगाउँ गाविस वडा नं. १ हाल तुलसीपुर उपमनपा वडा नं. १२ बस्ने तुलसीराम चौधरीको नाति वावुराम चौधरीको छोरा म श्रीपती चौधरी र म रामकुमार चौधरीले हाम्रा बाबु बावुराम चौधरीको नाममा भएको टरिगाउँ गा.वि.स. वडा नं. १ ङ कि.नं. १३४ को क्षे.फ. ०-८-११ जग्गा मालपोत कार्यालय घोराही दाङमा सशस्त्र द्वन्द्व समयमा मिति २०५८/०८/०८ मा आगजनी भई जली नष्ट भएको र बाबुराम चौधरीको २०६६/०५/२१ मा मृत्यु भएको र एकमात्र आमा छुनैया थरुनीको मिति २०६३/०८/१८ मा मृत्यु भएको, ती बाबु आमाबाट जन्म भएका हामी २ भाई छोराहरूमा क्रमश जेठा श्रीपती चौधरी कान्छा राम कुमार चौधरी मात्र गएको हुँदा मृतक बाबु बाबुराम बौधरीको नाममा श्रेष्ता कायम गरी तुलसीपुर उप.मनपा. १२ नं. वडा कार्यालयको च.नं. ४३८४ मिति २०८३/०३/१२ सिफारिस तथा बडा मुचुल्का नापी कार्यालयको च.नं. १८३० मिति २०८३/०३/१० को प्लट रजिष्टर ११३०५ मिति २०५४/०३/२५ को पारिन राजिनामा लिखत समेतका आधारमा हामी हकदारहरु श्रीपती चौधरी र रामकुमार चौधरीको नाममा संयुक्त नामसारी पाउँ भनी मिति २०८३/०३/१२ मा निवेदन माग गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग बमोजिम श्रेष्ता कायम गरी नामसारी गर्न नपर्ने कारण भए वा अरु कसैको नाममा समेत हुनुपर्ने भए वा निवेदकहरु बाहेक अरु हकवाला पनि भए कारण र प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो जिकिर सहित निवेदन गर्न आउनुहोला । तोकिएको समय भित्र दाबी विरोध गर्न नत्राए कानून बमोजिम भैजाने व्यहोरा संचित गरिन्छ ।

| क्र.स. | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम थर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टरिगाउँ | १/ङ | १३४ | ०-८-११ | बाबुराम चौधरी | श्रेष्ताकायम/नामसारी |

## काउन्सिल दर्ता प्रमाणपत्र हराएको सूचना !

मेरो निम्न व्यहोराको नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले उपलब्ध गराएको CMA काउन्सिल दर्ता प्रमाणपत्र मिति २०८३ वैशाख १४ गते घोराहीबाट तुलसीपुरतर्फ जाँदै गर्दा हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी दिनुहुन अनुरोध छ ।

**नाम** : डिलबहादुर डाँगी **ठेगाना** : बंगलाचुली गा.पा.-३, दाङ
**CMA रजिष्ट्रेशन नं.** : C३२८७७ Med. CMA
**सम्पर्क नं.** : ९७४३७७९९१६

## श्री आदर्श माध्यमिक विद्यालय

देउपुर (लमही), देउखुरी, दाङ

## शिक्षक तथा कार्यालय सहयोगी आवश्यकता सम्बन्धी सूचना

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङको मिति २०८३/०३/१६ को प्राप्त विज्ञापन अनुमति पत्रानुसार र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको २०८३/०३/१० को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका पदहरुमा शिक्षक तमा कार्यालय सहयोगी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल :**

**१. विज्ञापन नं १/०८२/०८३**
❖ नगर अनुदान शिक्षक **तह** : माध्यमिक **संख्या**: १ **विषय** : अर्थशास्त्र

**२. विज्ञापन नं : २/०८२/०८३**
❖ नगर अनुदान शिक्षक **तह** : नि.मा **संख्या** : १ **विषय** : सामाजिक

**३. विज्ञापन नं ३/०८२/०८३**
❖ नगर अनुदान शिक्षक **तह** : नि.मा **संख्या** : १ **विषय**: गणित विज्ञान

**४. विज्ञापन नं ४/०८२/०८३**
❖ कार्यालय सहयोगी (संघीय अनुदान) **संख्या**: १

**५. शैक्षिक योग्यता** : ❖ माध्यमिक शिक्षकका लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण र अध्यापन अनुमति पत्र प्राप्त गरेको अनुभवी र माथिल्लो योग्यतालाई विशेष ग्रहायता दिइनेछ ।
❖ निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण र अध्यापन अनुमति पत्र प्राप्त गरेको अनुभवी र माथिल्लो योग्यतालाई विशेष ग्राह्यता दिइनेछ । ❖ कार्यालय सहयोगीको हकमा न्यूनतम कक्षा ८ उत्तीर्ण गरेको स्थानीय, अनुभवी र मोटरसाइकल चलाउन सक्नेलाई विशेष ग्रहायता दिइनेछ ।
**६. उमेर**: १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
**७. आवश्यक कागजातहरू**: नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु, अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
**८. आवेदन दस्तुर**: माध्यमिक शिक्षकको लागि रु ३०००/- नि.मा को लागि रु २५००/- र का.सको लागि रु ७००/-
**९. परीक्षाको किसिम**: लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक समेत लिइनेछ ।
**१०. तलव सुविधा** : नगर अनुदान शिक्षकको हकमा नगरपालिकाले उपलब्ध गराएको अनुदान अनुसार र कार्यालय सहयोगीको हकमा संघीय र स्थानीय सरकारबाट उपलब्ध गराएको अनुदान अनुसार हुनेछ ।
**११. परीक्षा हुने मिति**: सम्पर्क मितिमा तोकिनेछ ।
**१२. सम्पर्क मिति** : २०८३ असार ३१ गते
**१३. दरखास्त आइपुग्ने अन्तिम मिति**: २०८३ असार ३० गतेसम्म कार्यालय समयभित्र ।
**नोट** : विस्तृत जानकारीको लागि विद्यालयमा वा फोन नं ९८५७८४०२१७, ९८४७९१५४९९ वा ९८६६८५०३६४ मा सम्पर्क गर्नुहोला ।

**प्रधानाध्यापक**

## सालघारी सामुदायिक वन उपभोक्ता समूह

कालिमाटी गा.पा.-०७, सल्यान

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०३/१७

श्री सालघारी सामुदायिक वन उपभोक्ता समूह, कालिमाटी गा.पा.-०७, सल्यानको सामुदायिक वनबाट आ.व. २०८२/०८३ मा समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार कटान, मुछान भई उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातका १३७७.६१ क्यु.फि. गोलिया काठ र २ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २२ (बाइसौं) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय कालिमाटी गा.पा. ०७, सल्यान र डि.व.का. सल्यानको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**

## श्री न्याउली सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०३।१७ गते

श्री न्याउली सामुदायिक वन उपभोक्ता समूह, तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङको वनबाट उत्पादन भई तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ न्याउली खोला, दाङको घाटगद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ मा संकलन भएको खयर, जामुन, टुनी, सिरिस, सिमल, तिजु र वर्रो प्रजातिको गोलिया काठ थान २००४ को २१९७.७९ क्युफिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com